# मिति २०८०/०६/१६  गते मंगलबार १४५औं कार्यपालिका बैठक

## प्रस्तावहरुः

१. प्रमुख प्रशासकीय अधिकृतज्यूको स्वागत सम्बन्धमा।
२. अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा।
३. ठेक्काको म्याद थप सम्बन्धमा।
४. IEE सम्बन्धमा।
५. सामी कार्यक्रमको स्थानीय तह कार्यक्रम व्यवस्थापन समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा।
६. आर्थिक सहयोग रकम भुक्तानी सम्बन्धमा।
७. आर्थिक सहयोग सम्बन्धमा।
   - उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा।
   - नेपाल लोकतान्त्रिक थारु संघ जिल्ला कमिटी दाङ।
   - राष्ट्रिय थारु कलाकार मञ्च दाङको तेस्रो अधिवेशनका लागि सहयोग।
   - क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल जिल्ला सम्बर्द्धन समिति दाङ।
   - अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (छैटौं)।
   - गंगा गौतम गंगा मा.वि. रामपुर घोराही २।

**निर्णय नं. १**

मिति २०८०।०६।१२ गते यस उपमहानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा हाजिर हुनुभएका नेपाल सरकारका उपसचिव (रा.प.द्वितीय श्रेणी) श्री ऋषिराम के.सी.ज्यूलाई स्वागत गर्नुका साथै उहाँको सफल कार्यकालको कामना गरियो ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको नगरसभाको ११औं अधिवेशनबाट आ.व. २०७९/०८०को लागि स्वीकृत बजेट तथा कार्यक्रम अनुसार घोराही उपमहानगरपालिका क्षेत्रभित्र गत आ.व. २०७९/०८० मा सञ्चालित विभिन्न आयोजनाहरु विविध कारणले समयमै निर्माण सम्पन्न हुन नसकेका कारण योजनाहरुको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएका ठेक्का यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संशोधन २०७९) को नियम १२० क र मिति २०८०।०३।२१ मा प्रकाशित सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली २०७९को बाधा अड्काउ फुकाउने आदेश अनुसार तपसिल बमोजिमका योजनाहरुको म्याद थप गर्ने ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | पहिलो तथा अन्तिम पटक म्याद थप गरिने मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/02/079/080 | Swasthe Chauki Purvadhar Nirman Oda Nom 12 | Sailungshowari Construction Company Pvt.Ltd. | २०७९/११/२५ | २०८०/०३/३१ | २०८०/०८/०१ |
| २ | NCB/WORKS/GSMC/04/079/080 | Swasthe Chauki Purvadhar Nirman Oda Nom 16 | Sailungshowari Construction Company Pvt.Ltd. | २०७९/११/२५ | २०८०/०३/३१ | २०८०/०८/०१ |
| ३ | NCB/WORKS/GSMC/12/079/080 | Char Kothe Vaban Ma vi Narayanpur oda no 10 | Bindu Construction Company | २०८०/०१/०७ | २०८०/०३/३१ | २०८०/०६/२७ |
| ४ | NCB/WORKS/GSMC/13/079/080 | Char Kothe Vaban Ma vi Rajhena oda no 18 | Shobha Krishna Nirman Sewa Pvt. Ltd | २०८०/०१/०७ | २०८०/०३/३१ | २०८०/०७/०१ |
| ५ | NCB/WORKS/GSMC/09/079/080 | Char Kothe Vaban Aadharvut Vidhyalaya Sawarikot oda no 04 | Nakul Engineering Consultancy and Construction Private Limited | २०७९/१२/१४ | २०८०/०३/३१ | २०८०/०७/०१ |
| ६ | NCB/WORKS/GSMC/14/079/080 | Oda No 10 Naranpur Dursanchar Tolama Yog Shava Hall Nirman | Panchakoshi Construction Pvt.Ltd | २०८०/०१/१७ | २०८०/०३/३१ | २०८०/१२/३० |
| ७ | NCB/WORKS/GSMC/11/079/080 | घोराही १० डावर भमै सोतामा कल्भर्ट निर्माण र वडा नं. ४ घोराही भैसाहीदेखि रामपुर जाने बाटोमा अमारे सोतामा कल्भर्ट निर्माण | पञ्चकोशी कन्स्ट्रक्सन प्रा.लि. नारायण न.पा. १ दैलेख | २०७९।१२।२६ | २०८०।०३।३१ | २०८०।१२।२९ |

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिका अन्तर्गत आ.व. २०८०/०८१ मा नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खननका लागि तपसिल बमोजिमका खोलाहरुमा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्ने ।

**तपसिलः**

| सि.नं. | खोलाको नाम | स्थान/घाट | वडा | |
|---|---|---|---|---|
| १ | बालिम, बबई खोला | वालिम बबई दोभान | १ | |
| २ | वालिम खोला | वालिमखोला पुलदेखि ५०० मी दक्षिण, भानपुर जानेबाटो आसपास, बबई वालिम दोभान आसपास क्षेत्र | २ | |
| ३ | वालिम खोला | वालपुर जाने बाटो आसापासको क्षेत्र तथा पलासे पश्चिम भु-भाग क्षेत्र | ३ | |
| ४ | वालिम खोला | निमुरिया जाने बाटोको दक्षिण उत्तर आसापासको क्षेत्र | ४ | |
| ५ | बबई नदी | जजरागाउँ भैसकुर्मा विचको आसपासको क्षेत्र | ५ र ६ | |
| ६ | बबई नदी | जजरागाउँ भैसकुर्मा विचको आसपासको क्षेत्र | ५ र ६ | |
| ७ | गुर्जे र सेवार खोला | शुक्रवार-दुन्द्रा घाट, सुक्रवार- बुधौरा घाट, डबरगाउँ-बुधौरा घाट, सौडियार-बुधौरा/वेलुवा घाट क्षेत्र तथा बेसाहीको आसपास क्षेत्र | ७ | |
| ८ | बबई नदी र हापुर खोला | दुन्द्रा कटुकी आसपास क्षेत्र तथा तेघरा आसपासको क्षेत्र | ८ | |
| ९ | हापुर खोला | गत आ.व.मा टेण्डर आह्वान भै खर्च नभएको क्षेत्र | ९ | |
| १० | गुर्जे, सेवार र हापुर खोला | हापुरखोला पुल आसपासको क्षेत्र | १० | |
| ११ | पत्रे र हापुर खोला | चाघुजाने बाटोको उत्तर क्षेत्र | ११ | |
| १२ | हापुर खोला | वडा कार्यालयको पश्चिममा रहेको झो.पु.को आसपासको क्षेत्र | १२ | |

| | | | | |
|---|---|---|---|---|
| १३ | सेवार खोला | बस पार्कको तल्लो पक्की पुलको आसपासको क्षेत्र | १३ | |
| १४ | सेवार खोला | बस पार्कको तल्लो पक्की पुलको आसापासको क्षेत्र | १४ | |
| १५ | कटुवा खोला | कटुवा दोभानदेखि उत्तर सिस्नेखोलाबाट क्वाडी सम्म | १५ | |
| १६ | सेवार खोला | बृद्धाश्रमदेखी दक्षिण कचवेदेखी उत्तरको क्षेत्र तथा जुरुट्टे गुर्जेखोला र भमै सोता दोभान | १६ | |
| १७ | कटुवा खोला | क्वारि नर्सरी ओखरा सिस्नेखोला दुई स्थानमा र सिस्ने कटुवा दोभान आसपासको क्षेत्र | १७ | |
| १८ | कटुवा खोला | शंखे पिपल आसपासको क्षेत्र तथा मन्दिर पश्चिम क्षेत्र | १८ | |
| १९ | कटुवा खोला | कटुवा खोला विलौनी बजार झो.पु. आसपासको क्षेत्र | १९ | |

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको सुरक्षित आप्रवासन सम्बन्धी प्रोफाइल अद्यावधिक गर्ने कार्यका लागि वडामा खटाइएका गणकहरुलाई सूचना तथा तथ्याङ्क संकलन गरेवापत प्रति फाराम रु.५०।– (पचास)का दरले पारिश्रमिक र सञ्चार खर्च वापत एक पटकका लागि रु.५००।– (पाँच सय) उपलब्ध गराउने सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको स्थानीय तह कार्यक्रम व्यवस्थापन समितिको मिति २०८०।०४।२२ गते बसेको निर्णय अनुमोदन गर्ने ।

**निर्णय नं. ६**

गत आर्थिक वर्षको विभिन्न मितिमा बसेको नगरकार्यपालिका बैठकको निर्णयबाट भएका केही आर्थिक सहयोग सम्बन्धी निर्णयहरु स्रोत अभावको कारण गत आ.व.मा भुक्तानी हुन नसकेका संघ, संस्था, संगठन तथा व्यक्तिहरुलाई चालु आ.व. २०८०/८१को बजेट तथा कार्यक्रमबाट निर्णयमा तोकिएको शीर्षकबाट भुक्तानी दिने।

**निर्णय नं. ७**

यस घोराही उपमहानगरपालिकामा आर्थिक सहयोगको लागि माग भएका तपसिल बमोजिमका संघ, संस्था, संगठन तथा व्यक्तिहरुलाई घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने।

| सि.नं. | संघ/ संस्था/संगठन/ व्यक्ति | रकम | कैफियत |
|---|---|---|---|
| १ | नविन कुमार चौधरी<br>घोराही उपमहानगरपालिका वडा नं. १७ | १०,०००।- | औषधी उपचारको लागि। |
| २ | नेपाल लोकतान्त्रिक थारु संघ जिल्ला कमिटी दाङ | ३५,०००।- | लुम्बिनी प्रदेशको प्रथम सम्मेलनका लागि। |
| ३ | राष्ट्रिय थारु कलाकार मञ्च जिल्ला कार्य समिति, दाङ | १५,०००।- | जिल्ला कार्य समिति दाङको तेस्रो जिल्ला अधिवेशन, दशै नृत्य संरक्षण तथा शुभकामना कार्यक्रम २०८०का लागि। |
| ४ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन लुम्बिनि प्रदेश कमिटी | १०,०००।- | प्रथम लुम्बिनी प्रदेश अधिवेशनका लागि। |
| ५ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (छैटौ) | १०,०००।- | राष्ट्रिय परिषद बैठक सम्पन्न गर्न। |
| ६ | गंगा गौतम<br>गंगा मा.वि. रामपुर<br>घोराही उपमहानगरपालिका वडा नं. २ | ३१,२००।- | देहरादुनमा हुन लागेको विश्वभरीका अंग्रेजी शिक्षकहरुको सम्मेलनमा सहभागी हुन लाग्ने आवास, दर्ता, यातायात तथा खाना खर्च वापतको रकम |